"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्वृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

१ नं. प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:- १२०८

मिति-२०७५।१०।२१

## विषय : प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।

भद्रपुर नगरपालिकाको चालु आ.व. २०७५/०७६ मा स्विकृत लक्षित कार्यक्रम तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु तर्फ संचालन गरिने तपसिलमा उल्लेखित कार्यक्रमहरु स्थानीयस्तरमा दर्ता भएका गैह्र सरकारी संघसंस्था मार्फत संचालन गर्ने निर्णय भए अनुसार उक्त कार्यक्रमहरु संचालन गर्न प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन अर्थात मिति २०७५।११।०६ गते भित्रमा सम्वन्धित क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुलाई देहाय बमोजिमका कागजातहरु सहित प्रस्तावना पेश गर्न हुन जानकारी गराईन्छ । यस सम्बन्धी विस्तृत जानकारी यस नगरपालिकाको सामुदायिक विकास शाखामा सम्पर्क राख्नु हुन वा website: www.bhadrapurmun.gov.np मा हेर्नुहुन समेत जानकारी गराइन्छ ।

१. महिला कानुनी अधिकार तथा लैंगिक हिंसा सम्वन्धि तालिम (३ स्थान) – रु १,००,०००।–

२. एकल महिलाहरुको आर्थिक सशक्तीकरणका लागि सिप विकास सम्बन्धि तालिम (७ दिवसीय) – रु. १,००,०००।–

३. किशोरीहरुलाई किशोरावस्था सम्वन्धि तालिम (३ स्थान) – रु. १,००,००० ।–

४. मधेसी बर्गहरु समेटी लैंगिक हिंसा तथा दाइजो प्रथा सम्वन्धि महिला पुरुष समविकास तालिम (२ स्थान) रु– ५०,०००।–

५. मधेसी वर्गकालागि मोबाइल मर्मत तालिम – रु १,५०,०००।–

६. बैदेशिक रोजगार तथा मानव वेचबिखन विरुद्ध सचेतना कार्यक्रम (४ स्थान) रु १,४०,०००।–

७. युवाहरुमा नैतिक शिक्षा,संस्कृति एवम संस्कार प्रवर्द्धन तथा लागु औषध दुर्व्यसन विरुद्ध कार्यक्रम (३ स्थान) – रु.१०००००।–

८. खानेपानी तथा सरसफाईजन्य रोगहरुवारे सचेतीकरण कार्यक्रम (३ स्थान) – रु.१,००,०००।–

### प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु:

१.संस्था दर्ता र नवीकरण भएको प्रमाण पत्र

२.आन्तरिक राजस्व कार्यालयमा PAN\VAT मा दर्ता भई कर चुक्ता गरेको ।

३.कार्यक्रम संचालनका लागि न्यूनतम १० प्रतिशत अनिवार्य लागत सहभागिता गर्नुपर्ने र सो भन्दा बढी नगद सहभागिता गर्नेलाई प्राथमिकता दिईनेछ ।

४. नगरपालिकामा दर्ता भई नगर क्षेत्रमा क्रियाशिल भएको संस्थालाई प्राथमिकता दिईनेछ ।

५.सम्बन्धित क्षेत्रमा काम गरेको कार्यअनुवभको प्रमाण पेश गरेको संस्थालाई प्राथमिकता दिईने छ ।

६.संस्थाको विधानमा उल्लेखित उद्धेश्यसंग मेल खाएको संस्थालाई प्राथमिकता दिइनेछ ।

७.तालिम संचालन गर्नुपर्ने स्थान तथा अन्य विवरण सम्झौतामा उल्लेख गरिनेछ ।

तुलसीबहादुर श्रेष्ठ
(प्रमुख प्रशासकिय अधिकृत)
भद्रपुर नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुखः ०२३-५२०७८१, कार्यालय ५२०१४८,५२००९५. Fax: 00977-23-520781,
वडा कार्यालय महेशपुर : ५२०८४३, भद्रपुर : ५२०९५९, चन्द्रगढी : ४५५०८२, पृथ्वीनगर
Website: www.bhadrapurmun.gov.np
E-mail: info@bhadrapurmun.gov.np